लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय, दाङ

# मासिक जनस्वास्थ्य बुलेटिन

आ. व: २०८३/८४ बर्ष: दोश्रो अंक: १३ श्रावण २०८३

## श्रावण महिनाका प्रमुख उपलब्धिहरु

- ✓ JE case surveillance
- ✓ MPDSR समितिको बैठक
- ✓ पालिका तथा स्वास्थ्य संस्थाहरुको डेटा भेरिफिकेशन तथा गुणस्तर सुधार
- ✓ स्थानीय तहहरुको स्वास्थ्य कार्यक्रमहरुको वार्षिक समीक्षामा सहजीकरण तथा सहयोग

## श्रावण महिनामा सम्पादन गरिएका मुख्य/मुख्य क्रियाकलापहरुबारे थप जानकारी

१) **JE case surveillance** जिल्लाको ३ वटा पालिकामा J.E. Case Surveillance कार्य गरिएको थियो। गढवा गा.पा.-५ मा श्रावण २३ गते, लमही न.पा.-३ मा श्रावण २४ र राप्ती गा.पा.-३ मा श्रावण २५ गते सर्भिलेन्स गरिएको थियो, जसमा २०० जना सहभागी रहेका थिए।

२) **खोप तथा सरसफाई कार्यक्रमको अन साईट कोचिंग :** खोप तथा सरसफाइ कार्यक्रमको अनसाईट कोचिंग नियमित रुपमा संचालन हुदै आएको छ। जसअन्तर्गत पहिचान भएका प्रमुख समस्याहरुमा defaulter बच्चाहरुलाई ट्र्याकिङ नगरिएको, खोप तथा सरसफाई कार्यक्रमको अभिलेख सबै ठाँउमा नराखिएको आदि पाइएको थिए।

dphodang@gmail.com,
hodang@lumbini.gov.np
०८२-५६०००५
ho.lumbini.gov.np

३) **MPDSR समितिको बैठकः** राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मासिक रुपमा संचालन हुने MPDSR समितिको बैठक सम्मपन्न भएको थियो। यस अन्तर्गत Perinatal मृत्यु सम्बन्धी विषय र सेवा सुधारका कुराहरुमा छलफल भएको थियो।

४) पालिका तथा स्वास्थ्य संस्थाको डेटा भेरिफिकेशन तथा त्रुटी सुधार: दाङ जिल्लाका सबै स्थानीय तहको मासिक बैठकमा सहभागी भई स्थानीय तह र अन्तर्गतका स्वास्थ्य संस्थाको बर्षभरीका डाटा भेरिफाई गरी देखिएका त्रुटीहरु सुधार गर्ने र तथ्याङ्कको गुणस्तर कायम गर्ने काम सम्पन्न भएको थियो।

५) आ.व. २०८२/८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको पालिकास्तरीय वार्षिक समिक्षामा सहजीकरण तथा अनुगमन: कार्यालयका सबै कार्यक्रम फोकल पर्सनहरु जिल्लाका विभिन्न पालिकाहरुमा गई आ.व. २०८२/८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको पालिकास्तरीय वार्षिक समीक्षामा सहजीकरण गर्ने, प्राविधिक सहयोग प्रदान गर्ने र सूचकहरुको विश्लेषण गरी सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने कार्य भएको थियो।

६) स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरु र गैरसरकारी संस्थासंग मासिक बैठक: प्रत्येक महिना सञ्चालन हुने पालिकास्तरीय स्वास्थ्य शाखा प्रमुखहरूसँगको नियमित मासिक बैठकमा जिल्लास्तरीय वार्षिक समीक्षा गोष्ठी भदौ महिनाको पहिलो हप्ताभित्र गर्ने तय भएको थियो। साथै, दाङ जिल्लामा क्रियाशील गैरसरकारी संस्थाहरूद्वारा आ-आफ्नो वार्षिक कार्यक्रम तथा प्रगति विवरण समेटिएको प्रस्तुतीकरण समेत प्रस्तुत भएको थियो।

## स्थानीय तहहरुबाट श्रावण महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु

श्रावण महिनामा जिल्लास्थित सबै स्थानीय तह र स्वास्थ्य संस्थाहरूमा खोप तथा सरसफाई कार्यक्रम, on-site कोचिङ, नियमति अभिलेख तथा प्रतिवेदन, डेटा भेरिफिकेशन तथा गुणस्तर सुधार र आ.व. २०८२/८३ मा सम्पादित कार्यक्रमहरूको पालिकास्तरीय वार्षिक समीक्षा लगायत अन्य नियमित कार्यक्रमहरू सम्पन्न भएका थिए।

## आगामी महिनाको योजना

- HPV खोप संचालन
- लामखुट्टे खोज र नस्ट अभियान

# कार्यक्रमसम्बन्धी फोटोहरु



JE case surveillance



नियमित खोप कार्यक्रमको स्थलगत अनुगमन तथा सहयोगात्मक सुपरिवेक्षण



CBIMNCI कार्यक्रमको तथ्याङ्क गुणस्तर सुधारसम्बन्धी शान्तिनगर गाउँपालिकामा स्थलगत अनुशिक्षण



लेवर केयर गाइडसम्बन्धी अभिमुखीकरण कार्यक्रम घोराही



राप्ती प्रादेशिक अस्पतालमा डेटा भेरिफिकेशन तथा त्रुटी सुधार



पालिकाहरुको आ.व. २०८२/८३मा सम्पादित कार्यक्रमहरुको वार्षिक समिक्ष्यामा सहजीकरण तथा अनुगमन

**थप जनकारीको लागि तल दिईएको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

## सुझाव र प्रतिक्रियाका लागि

**सूचना अधिकारी**

नामः मेघराज पौडेल

पदः बरिष्ठ तथ्याङ्क अधिकृत

फोन नम्बरः ९८५७८६०००५

ईमेल ठेगानाः paudelmeghraaj@gmail.com

**गुनासो सुन्ने अधिकारी**

नामः निमकान्त आचार्य

पदः बरिष्ठ अधिकृत (प्रशासन)

फोन नम्बरः ९८४७८३२४६२

ईमेल ठेगानाः nimkantacharya@gmail.com